स्थानीय संवाद
GRASSROOTS DIALOGUE
Year 9 Issue 3 Baisakh 17 - Ashadh 16, 2078 May. - June. 2021

# धर्म, राजनीति, र राष्ट्रवादको वहस

गतहप्ता नेपाली काग्रशको चौधौं महाधिवेशन उद्घाटन सभामा विपीपुत्र शशांक कोइरालाले "नेपाल धर्म निरपेक्ष राज्य हुनुहुन्न, धर्मसापेक्षराज्य पनि हुनु हुदैन, धार्मिक हिसावले स्वतन्त्र राज्य हुनुपर्छ" भनेर दलभित्र खुम बहादुर खड्काको लाइनमा जाने हुन् कि भन्ने सशंकित दलभित्र र बाहिरको ठूलो समुहलाई हर्षित बनाए। यस अघि उनी हिन्दुराज्य सहितको धार्मिक स्वतन्त्रताका पक्षमा बेलावखत बोल्दै र आलोचित हुदै आएका थिए। विसं २०१९ सालमा राजा महेन्द्रले संविधान घोषणा गरेपछि देशलाई "हिन्दुराष्ट्र घोषणा गर्नु धोका हो" भनेर प्रतिक्रिया दिने र २०३६ सालको जनमतसंग्रह ताका "नेपाल हिन्दु राज्यहुनु हुदैन, पहिले कहिल्यै हिन्दु राज्य थिएन, र भविष्यमा पनि हिन्दुराज्य पनि हुन सक्दैन। कसैले नेपाललाई हिन्दु राज्य थियो भन्छ भने त्यो धोखा हो' भन्ने विपी पुत्र हुनु र जीवनको उत्तरर्धमा उनै विपीको विरासतको राजनीतिबाट उदियमान हुनुले पनि हिन्दुधर्म सापेक्ष उनको अभिब्यक्ति खड्काका भन्दा बढी आलोच्य भएका थिए। धर्म सापेक्ष वा निरपेक्ष वा धार्मिक स्वतन्त्रताको बहसमा नेपाली नेताहरुमा सैद्धान्तिक स्पष्टता र अडान देखिदैन। विश्वमा धर्म निरपेक्षताको अभयास हेर्दा धर्मलाई बेवास्ता गर्ने वा अफिम मान्ने देखि सबै धर्मलाई राज्यले समान ब्यवहार गर्ने तथा धर्महरुप्रति राज्य तटस्थ रहने सबै खालका अभ्यासहरुमा धार्मिक स्वतन्त्रता भनेका पाइन्छन्। तर यहाँ यस्तो स्वतन्त्रतामा कुनै धार्मिक र पन्थबाट विकसित संस्कारगत अभ्यासमा राज्यको सहभागिता वा भुमिका हुने वा नहुने भन्नेमा बहस हो।

नेपालको संविधानको धारा ४ (१)मा "नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो" र "यस धाराको प्रयोजनको लागि "धर्मनिरपेक्ष" भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्फनु पर्छ" भनेर थपेको "स्पष्टिकरण"ले नै अन्योल र अस्पष्ट गराउछ। यहाँ प्रश्न उठ्छ, विपीको माथिको भनाईसंग संविधानमा उल्लेखित सनातनदेखि चलिआएको धार्मिक, संस्कृतिक स्वतन्त्रताको कतै साइनो छ कि छैन? "सनातन' बौद्ध, किरात, मस्टो र हिन्दुधर्म र त्यसबाट विकसित परंपरा, संस्कार संकृतिबाट संचालित राजा-रजौटा र रैतिहरुका समाजहरु अस्तित्वमा भएको एकीकरणण पुर्वदेखिको अभ्यास हो, वा शाह शाषकको उदयपछिको राज्य एकीकरणण मार्फत भाषिक, धार्मिक र संस्कृतिक रुपमा एकैचोटी नेपालीकरण, हिन्दुकरण र संस्कृतिकरणको अभियान चलाएपछि स्थापित "सनातन" अभ्यास इङ्गित गर्न खोजेको हो भन्ने विषयमा गहन बहसको विषय बन्ने देखिन्छ।

## धर्म र निरपक्षताको वहस

धर्मनिरपक्षता शब्द वा धर्मनिरपक्षतावादको अवधारणा बेलायती लेखक तथा अभियान्ता जर्ज होलियाकले १९औं सताब्दीको मध्येतिर तीर प्रार्दुभाव गरे। शाषन संचालनमा चर्चको प्रभाव र दवदवाले गर्दा एउटै धर्म (क्रिश्चयन) मान्ने क्याथालिक र प्रोटेष्टेन्टबीच शक्तिको खिचातानी र द्वन्द चर्किन थालेपछि शान्ती, एकता र समुन्नत बेलायतका लागि राज्यलाई चर्चसंगबाट छुट्टाउनु पर्ने विकल्पीक बैचारिक अवधारणा थियो धर्मनिरपक्षेता। धर्मिक हिसावले निरपक्ष राज्य सिर्जना गरेर तात्कालिन आस्थामा विभिधताबीच श्रेष्ठता हटाउने उक्त अवधारणाको मर्म थियो। मानव अस्तित्व र कर्म यहि जीवनको भोगाइ र अनुभवहरुबाट परिक्षण हुन्छ, र अरुकसैसंग (अदृष्य शक्ति) अपेक्षा नराखी जीवन ज्युनुसंग समवन्धित छ भन्ने उनको विचार आधुनिक पहिचानवादी र मानवतावादसंग नजिक छ । यो ब्यक्ति-ब्यक्ति र समुदाय-समुदय र ब्यक्ति र समुदायबीच सहसम्वन्धलाई निर्भय सोच्ने, र औचित्यता र तर्कका आधारमा छलफल गर्ने, धार्मिक विभाजन र पन्थको सोचभन्दा माथि समभाव र समान ब्यवहार जस्ता मानवजातिका लागि उत्तम समाजको परिकल्नामा आधारसित विचार हो। यस्ले तात्कालिन राजनीतिक र धार्मिक संरचनाको समेत आलोचना गर्न पाउने कुराको वकालत गरेको थियो । चर्च र राज्यलाई छुट्टाउने पहलस्वरुप विश्वमा पहिलोपटक संयुक्त राज्य अमेरीका र क्रान्तिकिरी फ्रान्समा धर्मनिरपक्षता संबैधानिक अंगीकरण र अभ्यासको पहल भयो। अहिले विश्वमा बहुसंख्यक राष्ट्रहरु धर्मनिरपेक्ष छन्।

## राजनीति र धर्म

इजरेल-पेलिस्टाइनको लामो युद्धको कारण धर्म हो। उत्तरी-दक्षिण सुडान विभाजनको प्रारम्भ, इरान-इराक द्वन्द्वमा धर्म नै मुल कारण थियो। दक्षिण एशियामा उपनिवेश बेलायतबाट श्रीलंका र भारत, भारतबाट पाकिस्तान, पाकिस्तानबाट बंगलादेशको विभाजन वा स्वतन्त्र हुदा धार्मिक-संस्कृतिक मुद्धा मुख्य थिए। यी देशहरु स्वतन्त्र अस्तित्वमा जाँदा धर्मनिरपेक्षता नै अगालेका पाईन्छन्। पछि स्तन्त्रताका लागि लडेकाहरु नेतृत्वले पुर्वप्रतिवद्धता बामोजिम सुधार र सुसासन प्रदान गर्न नसक्दा बहुसंख्यकलाई रिफाउन विस्तारै धर्मको सहयोग र साहरा लिन पुगे। अलोकतान्त्रीक शाषकले राजनीतिक प्रतिकुलतालाई आफ्नो कावुमा राख्न र अनुकुल बनाउन धार्मिक राज्यको परिकल्पना र घोषण गर्ने गरेको कुरा यीनै देशका उदाहरण प्राष्ट पार्छ। पाकिस्तान र वंगलादेशको शाषनशत्ता नागरिकबाट सैन्य नेतृत्वले लिएपछि दुबै राज्यलाई शाषकीय हित अनुकुल हुने गरि इस्लामीक राज्यको महत्व, आवस्यकता र औचित्य परिभाषित र स्थापित गरे। श्रीलङ्कामा पनि सन् १९६०-७०को दशकदेखि बौद्ध धर्मलाई प्रमुख धर्म मानिन थालियो भने नेपाललाई पनि हिन्दुराज्य । सन् १९९० पछि हिन्दुत्वलाई आदर्श ठान्ने भारतीय जनता पार्टीको राजनीतिक उदय र विगत सातवर्षदेखि शाषनसंगै भारतमै पनि धर्मनिरपेक्षता संकटमा छ र त्यहाँ गाइखाने संस्कार भएका मानिसहरु गाइ काटेकै कारणले काटिएका र कुटिएका

मात्र होइन, पशुको बदला मानिसको ज्यान लिने ज्यादती भयो, यसको विरोध गर्नेहरुविरुद्ध समेत श्रृङ्खलावद्ध हिंसा र हत्या भएको छ। लेखनमा धर्म निरपेक्ष भएकै राज्यमा जिम्मेवार पदाधिकारीको परंरपराका नाममा भएका धार्मिक संस्कृतक कर्ममा सहभागिताले गर्दा अहिले दक्षिण एशिया धर्म सापेक्ष राज्यहरुकै संगठन भएको छ।

औपनिवेशीक पश्चिमाको "फुटाउ र शाषन गर"को रणनीति अन्तर्गत शुरु भएको धार्मिक मान्यता अनुसार दक्षिण एशियाली उपमहादिपमा आ-आफना धार्मिक नियमबाट शाषित गर्ने र प्रचलन र परंपराबाट समाज चलाउने प्रावधान र थिति बसाले, जहा एकले अर्कोको अस्तित्वलाई मान्नैपर्ने अवस्था रहेन। आधुनिक शाषकले समेत बहुसंख्यकको मानसिकतालाई औपनिवेश बनाउने र तिनको बल-बुतामा अल्पसंख्यकलाई समेत थिचोमिचो गरेर शाषन लादेको पाईन्छ। विश्वको इतिहाँस पनि भन्छ- धर्मलाई पापसंग जोडेर, राजकीय शक्तिलाई दैव्यज्ञान र शक्तिसम्वन्ध ब्याख्या विश्लेषण र प्रचारप्रसार गरेर, सर्वसाधरणमा धम्की र भय सिर्जना गरेर शाषकप्रति भक्तिभाव उत्पन्न गराएर, र त्यहि भय र भक्तिलाई प्रयोग गरेर शक्ति आर्जन गर्ने र शाषन गर्ने अभयास पुरातन समाजमा सामान्य मानिन्छ। इुरोपमा चर्च, पादरी हुदै राजा-महाराजसम्म पुगेको धर्म र राजनीतको गठजोड इस्लाम, बुद्ध, र हिन्दु सम्राटसम्म अछुत देखिदैनन्, भने कम्युनिष्ट राज्यहरुले समेत त्यहि रणनीति अगाल्न थालेको देखिन्छ। धर्म र नाममा विमिधता भएपनि उदेश्य र उपयोगितामा खास भेद पाइदैन। शुद्धता, संस्कार, परंपरा, पहिचान, आस्था, एक्यवद्धता वा गठजोड जस्ता विषयलाई मुद्धा बनाएर सर्वसाधरणलाई राजनीतिक उपयोगितावादमा ल्याएर विषर्जन गर्नु पुरातन र संकृर्ण समाजको विशेषता नै ठानिन्छ। अर्को अर्थमा, शाषकहरुले धर्मका नाममा नागरिकलाई वफादार रैति बनाउने र धर्मलाई राजनीति गर्ने हतियारको रुपमा प्रयोग गरेका छन्।

धर्मले सिर्जना गरेको परंपरा कति बलियो हुन्छ भन्ने कुरा बेलायतको राजसंस्थालाई हेर्न सकिन्छ। महिलालाई पुरुष र पुरुषलाई महिलामात्र बनाउने बाहेक अन्य सबैकाम गर्न सक्ने भनिएको बेलायतको संसदले समेत राजपरिवारको उत्तराधिकारीले क्याथलिक क्रिश्चयनसंग मात्र विवाह गर्न पर्ने राजपरिषदको प्रावधानलाई परिवर्तन गर्न सकेको छैन। महारानी चर्चकी प्रमुख हुन्। चेतनाको स्तर र मानव सुचाकं उच्च रहेको भनिएको युरोपमै पनि अधिकांशतया पुरातनवादी दलहरुको राजनीतिमा वर्चश्व देखिन्छ। बेलायतको भारदारी सभा ९ज्यगकभ या ीयचमθ परंपरागत ठालुहरुकै सहभागिताका लागि हो। पहिलो धर्मनिरपक्ष राज्य भनेर चिनिएको अमेरीकामा राष्टपति लगायत उच्च ओहदाका अधिकारीले धार्मिक ग्रन्थ छोएर सफत लिन्छन्। दक्षिण एशियामा पहिलो धर्मनिरपक्ष र जीवन्त लोकतन्त्र भएको राज्यका सत्तारुढ दलले गाईको मासु खाएकै नाममा आफ्ना देशका मानिस मार्छन, अर्काकै देशको सहि पुर्वराजालाई हिन्दुसम्राट भनेर पुजा गर्ने नाममा भड्काव सिर्जनागर्छ, नेतृत्वले भोटमा माग्न जनताको घरआगन भन्दा धेरै चुनावी समय शक्तिपिठ धाउछन्। नेपालमा धर्मनिरपक्ष भनिए पनि परंपरादेखि हिन्दु राष्ट्रले मान्दै र सहभागि हुदै आएका कर्मकान्डमा राष्ट्रपति लगायत उच्च पदाधिकारीहरुले पुरा गर्छन। यस अर्थमा बहस र दस्तावेजमा धर्मनिरपेक्ष विषयले ठाँउ पाउने क्रम बढ्दर्दै गएको पाइए पनि ति राज्यहरु धार्मिक रुपले पुर्णत निरपेक्ष हुन सकेको देखिदैन। इतिहाँसदेखि पछि परेका र सिमान्तीकृत भएका समुह र समुदायका भावना, विचार र आस्थाकै पक्षमा पनि राज्यको समान ब्यवहार देखिदैन।

**पृथ्वी नारायण शाहको सोचलाई जंगबहादुर राणाले मुलुकी ऐनमार्फत औपचारिक रुपले संस्थागत गरेका भएपनि हिन्दुराष्ट्र घोषणा गरेर 'हाम्रो-भाषा हाम्रो-भेष, हाम्रो-राजा हाम्रो-देश - एकै भेष-एकै भाषा), 'प्राणभन्दा प्यारो' छ' भजाउने काम चाँहि महेन्द्रका पालमा भएको हो। यहि शिलशिलामा जतिगत विशिष्टता र विशुद्धता कायम राख्ने नाममा बनेका २५० भन्दा बढी जातिगत विभेद डा. कृष्ण भट्टचनले एक अध्ययनमा पत्ता लगाएका थिए। सन् १९९० मा प्रजातन्त्र पुनर्स्थापनाका बेला हिन्दु धर्म अनुकुल ब्यवहार नगरेको दोषमा २० जना जेलमा थिए भने २०० बढी अदालतमा मुद्धा चलिरहेको पाइन्छ।**

### नेपालमा सनातन अभ्यास र धर्मनिरपेक्षता

आधुनिक नेपालमा शाह राजालाइ विशुको अवतार मानिन्थ्यो। श्री ५ (नरशिहं, कृष्ण, राम, लक्ष्मण स्वरुप र भुमिका भएका, र विष्णु स्वयं) विशु भक्तहरुको संरक्षणका लागि अवतार पाएको वीर र विक्रम (पराक्रमी) पुरुष भनिन्थ्यो। उनका भनाई "बाणि' र नीतिहरु "दिव्योपदेश', उनका थरका पछाडि "देव' अनिवार्य मानिन्थ्यो। ब्रम्हाका शिरका प्रतिक चारबेद र उनका अवयवबाट प्रतिपादित भनिएका वर्णमा आधारित तहगत समाज र शाषनको परिकल्पना अभ्यास भयो। यो बुझेर वा नबुझिकन हिन्दु धर्म-संस्कृति रुपमा विकसित र नागरिक तहमा आन्तरिकीकरण, सामान्यीकरण र संस्कृतिकरण भैसकेको हुनाले पनि एउटा ठुलो समुहमा हिन्दु धर्ममा राजा अभिन्न भएको बुझाइ छ। राजा चाहने एउटा राजनीतिक समुहले हिन्दुराष्ट्र भएको खण्डमा राजाको पुनरागमन सजिलो हुने रणनीति अन्तर्गत हिन्दुराज्यको माग गर्दै आएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले खुल्ला रुपले प्रचार पैरवी गर्दै आएको छ भने साझा पाटीका रविन्द्रमिश्र लगायत अन्य संस्थागत हिसावले धर्मनिरपेक्षतालाई आफ्ना आदर्श मान्ने दलका कतिपय नेताले घुमाउरो हिसावले संस्कार, संकृति र पहिचानको कुरा उठाउदै हिन्दुराष्ट्रको कुरा उठाउछन्।

अर्को, राज्यभित्रका बहुभाषिक-धार्मिक-सांकृतिक विविधता

एकीकरणणसंगै नेपालीकरण, हिन्दुकरण र संस्कृतिकरण अभियानले मासिएका कुरा छिटफुट अध्ययनहरुले बताउछन् । नेपाललाई असली हिन्दुस्तान बनाउने पृथ्वी नारायण शाहको सोचलाई जंगबहादुर राणाले मुलुकी ऐनमार्फत औपचारिक रुपले संस्थागत गरेका भएपनि हिन्दुराष्ट्र घोषणा गरेर 'हाम्रो-भाषा हाम्रो-भेष, हाम्रो-राजा हाम्रो-देश -एकै भेष-एकै भाषा), 'प्राणभन्दा प्यारो' छ' भजाउने काम चाँहि महेन्द्रका पालमा भएको हो। यहि शिलशिलामा जतिगत विशिष्टता र विशुद्धता कायम राख्ने नाममा बनेका २५० भन्दा बढी जातिगत विभेद डा. कृष्ण भट्टचनले एक अध्ययनमा पत्ता लगाएका थिए। सन् १९९० मा प्रजातन्त्र पुनर्स्थापनाका बेला हिन्दु धर्म अनुकुल ब्यवहार नगरेको दोषमा २० जना जेलमा थिए भने २०० बढी अदालतमा मुद्धा चलिरहेको पाइन्छ। त्यसैले एकीकरणण पुर्व हिन्दुधर्म बाहेकका धर्मको आधारमा जीवनपद्धती अपनाएका इतिहाँस भएका बहुसंख्यक जात-जातिहरु हिन्दुधर्म र पछिल्ला शाषक प्रति गहिरो वैरभाव देखिन्छ। उनीहरु आफ्ना पुर्खाको इतिहाँसलाई धर्मसापेक्षता मार्फत पुनरजागरण गर्न चाहन्छन्, जस्कोलागि अहिलेको राज्यशत्ता, सोच, संरचना बाधक छ।

प्रजालाई चारजात-ब्रम्हाको टाउकोबाट जन्मेको बाहुन बुद्धिमानी, पाखुराबाट जन्मेको क्षेत्री बलवान, कम्मरबाट जन्मेका जनजाती उत्पादक श्रमिक, र पैतालावाट जन्मेको दलित कर्मशिल सेवक भनेर वर्ण ब्यवस्थामा आधारित श्रमविभाजन गरियो, जसले मानिस मात्र होइन, तदनुरुपको काम पनि उच-निचमा स्थापित भयो। रैतिले पढ्न नपाउने, झिठटीको घर बनाउन नपाउने, शाषकले लाउने लुगा लाउन नपाउने र सुनको गरगहना लगाउन नपाउने, दलित महिलले फलामको कल्ली लगाउएर चिनिनुपर्ने जस्ता असमानता र त्यसलाई पालना नगर्नेलाई दण्डमात्र होइन पाप लाग्ने भाष्यसंगै, यावत कुरामा सामाजिकरण र आन्तरिकीकरण पनि यहिबाट शुरु भएको हो। शिक्षा, कानुन र सभ्यताको विकास र संस्थागत नभैसकेका बेला मानिसहरुका आचरण, चालचलन, आदिमा नियन्त्रण र न्याय स्थापना गर्न विकसित धर्म (कर्म वा जिम्मेवारी)को अवधारणलाई कालान्तरमा राज्यसक्तिको श्रोत र संचालन गर्ने माध्यमको रुपमा प्रयोग, उपयोग वा दुरुपयोगको जुन प्रयास र संस्थागत भयो कालान्तरमा अहिलेको सभ्य नेपाली समाजमा त्यो कलंकको रुपमा देखा परिरहेको छ। तसर्थ धर्म निरपेक्षताको बहस संगै उत्पिडितको सशक्तिकरणको बहस समेत संगै लैजानुपर्ने आवस्यकता छ।

अहिले हिन्दु वर्णव्यवस्था भित्र पर्ने मानिस "हामी' र बाहिरका मलेच्क्षेहरु 'उनीहरु', साथै विदेशीहरु नेपाली राष्टियताका लागि खतरा र घातक नै हुन्छन भन्ने भावना गहिरोग गरि गाडिएको छ। एकातिर समाज विभाजित छ, एकता कमजोर हुदै छ भने शिक्षा र चेतना संगै इतिहाँसबाट उत्पिडितहरु पहिचानको खोजीमा आन्दोलित हुने अवस्था छ। राज्यको एउटा पक्षको मात्र पक्षपोषण गर्ने र अन्यलाई दमन गर्ने इतिहाँसबाट पीडित र सिमान्तीकृत समुह र समुदायको राज्यप्रति अपनत्व कमजोर छ, साथै राज्यका श्रोतसाधनमा एकक्षत्र हालिमुहाली गरिरहेको सानो शाषक समुहको पनि आफ्नो बर्चश्व गुम्दै गएकोमा नयाँ परिवेशमा राज्यप्रति अपनत्व कमजोर भएको देखिन्छ।

**नेपाललाई असली हिन्दुस्तान बनाउने पृथ्वी नारायण शाहको सोचलाई जंगबहादुर राणाले मुलुकी ऐनमार्फत औपचारिक रुपले संस्थागत गरेका भएपनि हिन्दुराष्ट्र घोषणा गरेर 'हाम्रो-भाषा हाम्रो-भेष, हाम्रो-राजा हाम्रो-देश -एकै भेष-एकै भाषा), 'प्राणभन्दा प्यारो' छ' भजाउने काम चाँहि महेन्द्रका पालमा भएको हो। यहि शिलशिलामा जतिगत विशिष्टता र विशुद्धता कायम राख्ने नाममा बनेका २५० भन्दा बढी जातिगत विभेद डा. कृष्ण भट्टचनले एक अध्ययनमा पत्ता लगाएका थिए। सन् १९९० मा प्रजातन्त्र पुनर्स्थापनाका बेला हिन्दु धर्म अनुकुल ब्यवहार नगरेको दोषमा २० जना जेलमा थिए भने २०० बढी अदालतमा मुद्धा चलिरहेको पाइन्छ। त्यसैले एकीकरणण पुर्व हिन्दुधर्म बाहेकका धर्मको आधारमा जीवनपद्धती अपनाएका इतिहाँस भएका बहुसंख्यक जात-जातिहरु हिन्दुधर्म र पछिल्ला शाषक प्रति गहिरो वैरभाव देखिन्छ। उनीहरु आफ्ना पुर्खाको इतिहाँसलाई धर्मसापेक्षता मार्फत पुनरजागरण गर्न चाहन्छन्, जस्कोलागि अहिलेको राज्यशत्ता, सोच, संरचना बाधक छ।**

## निश्कर्ष

दक्षिण एशियामा अत्याधिक बहुलवादी र विविधतामुलक भएको देश हो नेपाल । राज्यले एउटा धर्माभ्यासलाई मान्यता दिदा अन्य माथि उपेक्षा हुने हुन्छ। एउटा धर्मलाई देशको पहिचान र विशेषतासगं जोड्दा "राज्यका नजरमा सबै नागरिक समान हुन" भन्ने समानताको अधिकार र लोकतान्त्रीक मुल्यमान्यता विपरित हुन्छ। धर्मनिरपक्षेताले एकअर्को विरुद्ध होइन एकअर्कोमा समभाव, सद्भाव र मित्रभाव महसुस गराउने अवसर दिन्छ।

धर्मलाई राजनीति र शक्तिसंरचनासंग जोडेर अघि बढेको कुनै पनि समाज सामाजिक रुपले असमन वा पक्षपाती, र असहिष्णु हुन्छ। यो अर्को अर्थमा राष्ट्रघाती हुन्छ भन्ने कुरा धर्मका नाममा राजनीति गरिरहेका बौद्ध, हिन्दु इस्लाम, क्रिश्चयन, र जुवीले सिर्जना गरेको युद्ध, द्धन्द, अशान्ती, अक्रमण, र त्यसरी भएका विस्थापित नागरिकहरुलाई हेरे पुग्छ। नेपाल आफैले धर्मका नाममा विस्थापित भएका बौद्ध तिव्वतीयन, हिन्दु भुटानी, र मुस्लीम म्यान्मारी रोहिङ्गालाई सरण दिएको छ। राजतन्त्र अनुकुल विकसित हिन्दु संस्कार र परंपरालाई गणतन्त्रका पदाधिकारीले सनातनदेखि चलिआएको भनेर रिट्ठो नविराई पच्छाउनु विडम्वना हो।

Advisors : Prof Lok Raj Baral, Vijay Pratap, Uddhab Pyakurel
Editors : Prof. Deo Kumari Gurung, Ram Saran Sapkota
Design & Layout : Samaj Bigyan Adhyan tatha Paramarsha Kendra Pvt. Ltd., KTM

For subscription, comments and suggestions
sadednepal@gmail.com

Supported By